सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १८४ ♦ २०८० साल चैत्र १६ गते शुक्रबार ♦ 29 March 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## ‘मधेसमा मानव अधिकारको अवस्था संतोषजनक छैन’

**दिवेश कुमार महतो**

**चैत्र १५ गते, जनकपुरधाम**




जनकपुरधाममा मधेस प्रदेशको मानव अधिकार अवस्था विषयक अन्तरक्रिया कार्यक्रम सम्पन भएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेशले आयोजना गरेको मधेस प्रदेशको मानव अधिकार अवस्था विषयक अन्तरक्रिया कार्यक्रममा इन्सेकका प्रदेश संयोजक राजु पासवानलेरु मानव अधिकारको अवस्था बारे प्रस्तुतिकरण गरेका थिए। इन्सेकको तथ्याङ्क अनुसार गत वर्षको तुलनामा सन् २०२३ मा महिला र बाल अधिकारका घटनाहरुमा बृद्धि भएको छ। सन् २०२३ मा बाल अधिकार ,महिला अधिकार,घाइते , अमानवीय व्यवहार, कुटपिट,यातना , धम्की, अभिव्यक्ति,भेला तथा सङ्गठित हुने अधिकार,हत्या, गिरफ्तारी, हिरासतमा मृत्यु,सबै प्रकारका जातीय विभेदका घटनाहरू तुलनात्मक रुपमा बृद्धि भई रहेको अवस्थामा मधेस प्रदेशमा मानव अधिकारको अवस्था संतोषजनक नरहेको प्रस्तुतिकरणमा देखाइएको थियो। राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य तथा प्राध्यापक डा. सुर्य ढुङ्गेलले मधेस प्रदेशमा मानव अधिकार उल्लङ्घनका घटना बढी हुने गरेकोले मानव अधिकारकर्मीहरूले यसबारे सम्बन्धित निकायलाई जवाफदेहि बनाउनु पर्नेमा जोड दिन आवश्यक रहेको बताउनुभएको थियो।

राजनीतिक दलका नेतृत्वलाई जवाफदेही बनाउँदै सामूहिक प्रयास मार्फत मानव अधिकार को अवस्थालाई सुधार गर्न आवश्यक रहेको उहाँले बताउनु भयो ।

इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले इन्सेकले नागरिकको मानव अधिकारका लागि

बाँकी पृष्ठ २ मा

## किरियापुत्रीदेखि बालबन्दीसम्म एसइई परीक्षामा सहभागी

**खबर दर्पण समाचारदाता**

**चैत्र १५ गते, बर्दिबास**

बिहीबारदेखि सुरु भएको माध्यामिक शिक्षा परिषद् (एसइई) मा किरियापुत्रीदेखि, बालबन्दी तथा विभिन्न उमेर समूहका विद्यार्थी उत्साहपूर्वक सहभागी भएका छन् ।

देशभर सञ्चालन भएको एसइई परीक्षामा सहभागी हुन पाँच लाख चार हजार ४१४ जना परीक्षार्थीले रजिस्ट्रेसन फाराम भरेका थिए ।

स्याङ्जाको पुतलीबजार नगर पालिका ४ मा रहेको सरस्वती माध्यामिक विद्यालय परीक्षा केन्द्रबाट किरियापुत्री दाजुभाइ एसइईमा सहभागी भएका हुन्।

यस्तै, बाँकेको दुई वटा बाल सुधार गृहमा रहेका ४६ जना बालबन्दी परीक्षामा सहभागी भएका छन् ।

जिल्लाको डडुवा गाउँपालिकास्थित जयन्दु बाल सुधार गृह र नौबस्तास्थित बाल सुधार गृहमा रहेका ४६ विद्यार्थीले एसइई दिएका हुन् ।

यस्तै, सर्लाहीको हरिवनस्थित इलाका प्रहरी कार्यालयको हिरासतमा रहेका एक किशोरले प्रहरी कार्यालयबाटै एसइई दिएका छन् । आत्महत्या दुरुत्साहन मुद्दामा दुई साताेदेखि हिरासतमा रहेका किशोर हरिवन नगरपालिका ९ स्थित ज्ञानज्योति आवासीय विद्यालयका प्रशिक्षार्थी हुन् ।

यसैगरी, खोटाङमा एसइईमा नियम विपरीत कार्य गर्ने विश्वज्योति माविका केन्द्र अध्यक्ष माधव प्रसाद ठाकुर कारबाहीमा परेका छन् ।

नियम विपरीत परीक्षार्थीलाई सहभागी गराएकाले ठाकुरलाई केन्द्र अध्यक्षबाट हटाइएको शिक्षा विकास तथा समन्वय इकाईले जनाएको छ ।



सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

**शिरीष अफसेट प्रेस**

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,
- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प
- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# 'मधेसमा मानव अधिकारको.....

सम्बन्धित सरोकारवाला निकायलाई खबरदारी गर्नुका साथै मानव अधिकार प्रत्याभूतिका लागि साझेदारी पनि गर्ने गरेको बताउनु भयो। समय र परिस्थिति अनुसार मानव अधिकार उल्लङ्घनका घटनाहरु घटिरहेकोले राज्यका पक्ष मात्र जिम्मेवार नभएर सबै नागरिक उतिकै जिम्मेवार हुनु पर्नेमा उहाँले जोड दिनु भयो। मानव अधिकारप्रति जिम्मेवार बनाउन जिम्मेवार निकायहरुलाई जवाफदेही बनाउनु पर्ने आवश्यक रहेको उहाँले बताउनु भयो।

मधेस प्रदेशका मुख्य न्यायाधिवक्ता विरेन्द्र ठाकुरले मानव अधिकार उल्लङ्घनको घटना भइरहेकोले यसको न्यूनिकरणका लागि सम्बन्धित निकाय गम्भिर हुन जरुरी रहेको बताउनु भयो। मानव अधिकार जन्मजात अधिकार भएको उल्लेख गर्नु हुँदै राज्यले नागरिकको मानव अधिकार प्रत्याभूत गर्नु पर्नेमा उहाँले जोड दिनु भयो।

जिल्ला समन्वय समिति धनुषाका सभापति राजनन्दन मण्डलले मानव अधिकारको अवस्थाको बारेमा समय समयमा छलफल हुनु पर्ने उल्लेख गर्नु हुँदै मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरुको न्यूनिकरणका लागि सबै निकायले ध्यान दिनु पर्नेमा जोड दिनु भयो। नैतिक शिक्षा सर कारले पुनः लागु गर्न र वैदेशिक रोजगारी रोक्न तथा स्वदेशमै रोजगारी सृजना गर्न सरकार सँग उहाँले आग्रह गर्नु भयो। जनकपुरधाम उपमहानगर पालिकाका उपमेयर किशोरी साहले मानव अधिकारको अवस्थामा सुधार ल्याउन राजनीतिक दलका प्रतिनिधि तथा कार्यकर्ताहरूसँग पनि समन्वय र छलफल आवश्यक रहेको बताउनु भयो। स्थानीय तह मानव अधिकार संरक्षणका लागि मानव अधिकारका क्षेत्रमा कार्यरत संस्थाहरूसँग समन्वय गरेर कार्य गर्न तत्पर रहेको उहाँले बताउनु भयो।

मधेस प्रदेश प्रहरी कार्यालयका एसएसपी इश्वर कार्कीले मानव अधिकार उल्लङ्घनका घटना तथा अपराधिक क्रियाकलापलाई निरुत्साहित गर्न नेपाल प्रहरीले प्रभावकारी अनुसन्धन गरी रहेको बताउनु भयो। मानव अधिकार उल्लङ्घनका घटनाहरू न्यूनीकरण गर्न संयुक्त र सकार त्मक प्रयास आवश्यक रहेको उहाँले बताउनु भयो। शिक्षा र सचेतनामा लगानी गर्न सकिए घरेलु हिंसाका घटनाहरू कम हुन सक्ने उहाँले भनाइ थियो। कार्यक्रममा इन्सेक मधेस प्रदेश संयोजक राजु पासवानले मानव अधिकारको अवस्था बारे प्रस्तुतीकरण गर्दै गएको वर्ष भन्दा सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा वृद्धि भएको बताउनु भयो। मानव अधिकार को अवस्था सुधार गर्न प्रदेश र स्थानीय तहमा बनेका मानव अधिकार सम्बन्धी ऐन तथा कानुनहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक रहेको उहाँको भनाई थियो।

कार्यक्रममा मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दास, नेपाल पत्रकार महासङ्घ धनुषाका उपाध्यक्ष अवधेश कामत, मधेस प्रदेश प्रहरी गणका एसपी हरिहर योगी, मुक्ति नेपालका अध्यक्ष देवकुमारी महरा, ओरेक धनुषा संयोजक विना सिंह, तराइ मानव अधिकार रक्षक सञ्जालका प्रदेश संयोजक अर्जुन साह, संयुक्त दलित संघर्ष समिति मधेश प्रदेशका सचिव विनोद महारा, अनलाइन खबर का पत्रकार शैलेन्द्र क्रान्ति, कान्तिपुर टेलिभिजनका पत्रकार अमरकान्त ठाकुर, निल हिरा समाजका प्रदेश संयोजक प्रदिप यादव लगायतले मानव अधिकारको संरक्षण तथा प्रत्यभूतीका लागि तीनै तहको सरकार जिम्मेवार र जवाफदेही हुनुपर्नेमा जोड दिनु भयो।

# सर्लाहीमा अमर्यादित कार्य गराउने १० जना निरीक्षक परीक्षा केन्द्रबाट निष्काशित

**राधेश्याम कुशवाहा**

**चैत्र १५ गते, सर्लाही**

माध्यमिक शिक्षा परीक्षा ( एसइइ) अन्तर्गत सर्लाही जिल्लामा अमर्यादित कार्य गर ईरहेको अवस्थामा १० जना गार्डलाई विभिन्न परिक्षा केन्द्रबाट निष्काशित गरिएका छन्। ।परीक्षालाई मर्यादित बनाउने जिम्मेवारी लिएका निरीक्षक (गार्ड) हरु अमर्यादित कार्यमा संलग्न रहेकालाई परीक्षा अनुगमन समितिले समातेपछि उनीहरलाई परीक्षा केन्द्रबाट निष्काशित गरिएको शिक्षा विकास तथा समन्वय इकाई कार्यालय सर्लाहीले जनाएका हुन्।

बेणीभोला नमावि गोडैता नपा ८ बाट अरविन्द भण्डारी, जनता नमावि गोडैता नपा ३ सिमर ाभगवतीपुरबाट रामभरोस साह, रामसखी मोहितसिंह मावि बलरा नपा ४ बाट राजकुमार यादव र शिवचन्द्र राय, जनता मावि गोडैता नपा ५ रामवनबाट रामवचन राम र रंजित मण्डल, जनता मावि बलरा नपा ८ गडहिया डुमरियाबाट मुकेश यादव, सुजित कु.यादव र चन्द्रमोहन हजारी तथा नेपाल राष्ट्रिय रामचन्द्र शिवचन्द्र मावि बलरा नपा ७ डुमरियाबाट किशोर गुप्तालाई जिम्मेवारी खोसेर परीक्षा केन्द्रबाट निष्काशन गरिएका छन्।

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० सानोठिमी, भक्तपुरको २०८० सालको माध्यमिक शिक्षा परीक्षा (नियमित, ग्रेडवृद्धि तथा प्राविधिक) को पूर्वनिर्धारित समय तालिका अनुसार आज पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा जिल्लाको ३८ वटै परीक्षा केन्द्रहरूमा विहान ८ बजे देखि सुरू भई तोकिएको समयमा सम्पन्न भएको थियो। सर्लाही जिल्लामा ६७८३ छात्रा र ४११३ छात्र गरेर १०,८९६ परीक्षार्थी फारम भरेकोमा आज अंग्रेजी विषयमा ५४४३ छात्रा ५२७९ गरी १०७२२ जना परीक्षार्थी परीक्षामा सहभागी भए भने १०१ छात्रा ७३ छात्र गरेर १७४ परीक्षार्थी अनुपस्थित रहेको शिक्षा विकास तथा समन्वय इकाई कार्यालय सर्लाही मलंगवाले जनाए।

# सत्य तथ्यमा आधारित समाचार....

माओवादी केन्द्र मधेश प्रदेश संसद भरत शाह युरोप भ्रमण गएको बिषयलाई लिएर प्रकाशित उक्त समाचारमा ध्यानाकर्षण भएको भन्दै उनिहरुको भ्रमणको सम्पूर्ण खर्च बर्दिवास नगर पालिकाले व्यहोरेको भनाई प्रती टिप्पणी गर्दै नगरपालिकाले सम्पूर्ण खर्च व्यहोरेको भए नगर पालिकाको कुन शिर्षक कति रुपैया बस्नेत र साहको बैक खातामा पठाईएको हो सुचनाको हक प्रयोग गरेर सुचना नै माग्न सकिने कानुनी व्यवस्था रहेको हुँदा खोजीनिति गर्न समेत जानकारी गराएका छन्।

# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ।

**वृष**- प्रतिकूल समय छ, त्यसैले विश्वास गरेको व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मिथुन**-समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कर्कट** - आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**सिंह** -अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कन्या** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन।

**तुला** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**वृश्चिक** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत रहनु होला।

**धनु** - समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**मकर** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**कुम्भ**-व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ। धार्मिक यात्राको योग रहेको छ।

**मीन** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

# आवश्यक टेलिफोन नम्बरहरु

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| खानेपानी हात्तीलेट वर्दिवास-८ | ९७०३८९१४२५ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेश प्रदेशबाट एसइई मा ८१ हजार ७६८ जना विद्यार्थी सहभागी

**खबर दर्पण समाचारदाता**

**चैत्र १० गते, बर्दिवास**

मधेश प्रदेशका जिल्लाबाट यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) मा ८१ हजार ७६८ जना विद्यार्थी सहभागी भएकाछन्। चैत १५ गते अर्थात् बिहीबारदेखि सुरु भएको एसइईमा प्रदेशभरि २९५ वटा परीक्षा केन्द्र तोकिएको शिक्षा विकास निर्देशनालय जनकपुरधामले जनाएको छ।

परीक्षालाई मर्यादित, अनुशासित र निष्पक्ष रूपमा सम्पन्न गराउन २९५ केन्द्राध्यक्ष, ५३० सहायक केन्द्राध्यक्ष, चार हजार ९२ निरीक्षक, ८०७ परीक्षा सहायक, एक हजार ६३९ जना कार्यालय सहयोगी गरी कुल सात हजार ६५८ जना कर्मचारी खटाइएको छ।

देशमा सबभन्दा बढी धनुषाबाट विद्यार्थी सहभागी भएका छन् । यस जिल्लाबाट प्राविधिकतर्फका ४८९ जना गरी १२ हजार २१४ जना विद्यार्थीले एसइई दिने शिक्षा निर्देशनालयले जनाएको छ। यहाँ ४३ वटा परीक्षा केन्द्र तोकिएको छ।

शिक्षा विकास निर्देशनालय जनकपुरका निर्देशक दिलीपकुमार ठाकुरका अनुसार सबभन्दा कम सप्तरीमा नौ हजार ३२३ जना विद्यार्थी एसइईमा सहभागी हुने छन्। सिरहाबाट १० हजार ९२३, महोत्तरीबाट नौ हजार ४३१, सर्लाहीबाट १० हजार ८९६, रौतहटबाट नौ हजार ४६९, बाराबाट नौ हजार ४४४ र पर्सामा १० हजार ६८ एसइईमा सहभागी हुने उहाँले बताउनुभयो।

निर्देशक ठाकुरले परीक्षालाई मर्यादित बनाउन जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला परीक्षा समन्वय समितिले टोली बनाएर निरीक्षण, अनुगमन गर्ने व्यवस्था गरिएको बताउनुभयो। यसै गरी शिक्षा तथा संस्कृत मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र लगायत निकायलाई समेटेर प्रदेशस्तरीय अनुगमन टोली बनाइएको उहाँले बताउनुभयो।

सर्लाहीमा छ हजार ७८३ छात्रा र चार हजार ११३ छात्र गरी जम्मा १० हजार ८९६ परीक्षार्थी सहभागी भएका छन्। परीक्षा सञ्चालनका लागि ३८ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ।



महोत्तरीबाट सहभागी हुने परीक्षार्थीको संख्या यो वर्ष करिब ४.१६ प्रतिशतले वृद्धि भएको छ। शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय महोत्तरीका अनुसार जिल्लाबाट नौ हजार ४३१ जना विद्यार्थी सहभागी भएका छन्। यसमध्ये नियमित साधारणतर्फ आठ हजार ८३१, प्राविधिकतर्फ ४८४ र ग्रेड वृद्धितर्फका परीक्षार्थीको संख्या १०९ जना रहेको छ। यो वर्ष एसइई दिने छात्राको संख्या चार हजार ६६० रहेको एकाई कार्यालय परीक्षा फाँटका पंकज झाले बताउनुभयो ।

गत वर्ष २०७९ जिल्लाबाट एसइई दिनेको संख्या नौ हजार ५४ मात्र थियो। एकाइ प्रमुख प्रतिभाकुमारी साहका अनुसार गत वर्षको तुलनामा दुई वटा केन्द्रक थप भई यो वर्ष परीक्षा केन्द्रको संख्या ३२ पुगेको छ। तोकिएका केन्द्रमध्ये राम नारायण अयोध्या मावि पिपराबाट सबैभन्दा बढी ४२४ तथा सबैभन्दा कम दुर्गा मावि पथलैयाबाट १९१ जना विद्यार्थी सहभागी छन्। महोत्तरीका १०२ सामुदायिक तथा ३० संस्थागत गरी १३२ माध्यमिक विद्यालयले यो वर्ष एसइईमा विद्यार्थी सहभागी गराएका छन्।

केन्द्र निर्धारणलगत्तै परीक्षा समन्वय समितिको बैठकले ३२ केन्द्राध्यक्ष, ६२ सहकेन्द्राध्यक्ष, ८९ परीक्षा सहायक, ४४७ निरीक्षक र १७८ कार्यालय सहयोगी गरी ८०८ जना पर ीक्षाकर्मी खटनपटनको तयारी गरेको छ। यो पटक महोत्तरीको जनता मावि बिजलपुरामा मात्र महिला केन्द्राध्यक्ष तोकिएको छ। त्यहाँ प्रधानाध्यापक ममता काङ्गे लेलाई केन्द्राध्यक्षको जिम्मेवारी दिइएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले जिल्ला परीक्षा समन्वय समितिको बैठकले एसइईलाई स्वच्छ, मर्यादित र विवादरहित बनाउन सुरक्षाको सम्पूर्ण व्यवस्थापन मिलाइएको दाबी गर्नुभयो॥


**सर्पको टोकाइबाट बच्ने उपायहरु**

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**



**सर्पको टोकाइबाट बच्ने उपायहरु**

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**

**भंगहा नगरपालिका, महोत्तरी**



**सर्पको टोकाइबाट बच्ने उपायहरु**

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**

**औहरी नगरपालिका, महोत्तरी**



**सर्पको टोकाइबाट बच्ने उपायहरु**

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**

**मठिहानी नगरपालिका, महोत्तरी**

# महोत्तरीमा सामुदायिक विद्यालयबाट एसइईमा सहभागी छात्राको संख्या बढी



**खबर दर्पण समाचारदाता**
**चैत्र १५ गते, महोत्तरी**

माध्यमिक शिक्षा परीक्षा (एसइई)मा महोत्तरीका सामुदायिक विद्यालयबाट यस वर्ष छात्रको तुलनामा बढी छात्रा सहभागी भएका छन् ।

जिल्लाका एक सय दुई सामुदायिक विद्यालयबाट चार हजार एक सय ४९ छात्रा एसइईमा सहभागी भएका हुन् । सामुदायिक विद्यालयका कुल परीक्षार्थीमा छात्रको सङ्ख्या तीन हजार नौ सय आठ रहेको शिक्षा विकास तथा समन्वय एकाइ कार्यालयले जनाएको छ ।

संस्थागत र प्राविधिक समूहतर्फ भने छात्रको सङ्ख्या बढी छ । जिल्लाका ३० संस्थागत विद्यालयबाट एसइईमा चार सय ७७ छात्र सहभागी छन् । यिनमा छात्राको सङ्ख्या दुई सय ९७ मात्र छ । यसैगरी प्राविधिक समूहतर्फ पनि छात्र बढी छन् । प्राविधिक समूहतर्फ तीन सय २६ छात्र र छात्रा एक सय ५८ छन् ।

जिल्लाका एक सय दुई सामुदायिक तथा ३० संस्थागतसमेत एक सय ३२ माध्यमिक विद्यालयका जम्मा नौ हजार चार सय ३१ परीक्षार्थी एसइईमा सामेल भएका छन् । परीक्षार्थीमध्ये छात्र चार हजार सात सय ७० र छात्रा चार हजार छ सय ६१ रहेका शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय महोत्तरीका निमित्त प्रमुख प्रतिभा साहले जानकारी दिनुभयो । रासस

# सत्य तथ्यमा आधारित समाचार सम्प्रेषण गर्न मेयर क्षेत्रीको अनुरोध



**खबर दर्पण समाचारदाता**
**चैत्र १५ गते, महोत्तरी**

बर्दिबास नगरपालिकाका मेयर प्रह्लाद कुमार क्षेत्रीले सत्य तथ्यमा आधारित समाचार सम्प्रेषण गर्नको लागि संचार संस्था र संचारकर्मी संग अनुरोध गरेकोछ।

मंगलबार केहि मिडियाको एक समाचारमा बर्दिवास नगर पालिका सहित आङ्ग+नो नाम समेत जोडेर प्रकाशित समाचार बिलकुलै गलत र भ्रामक रहेको मेयर क्षेत्रीले बताएका छन् । उनले त्यस्तो तथ्यहिन र भ्रम सृजना हुने खालको समाचार प्रकाशित नगर्न आग्रह गर्दै समाचारमा प्रकाशित भएको व्यहोरा शतप्रतिशत गलत र तथ्यहिन रहेको प्रतिक्रिया दिएका छन् ।

उनले सामाजिक संजाल मार्फत पनि पत्रकारिताको धर्म र आचारसंहिताको पालना गर्दै अरूको दबाब र प्रभावमा नपरी सत्यतथ्यमा आधारित समाचार प्रकाशित गर्न संचार संस्था र संचारकर्मीहरुलाई आग्रह गरेका छन् ।


उनले माओवादीको सैद्धान्तिक नेता बताउने अनिल बस्नेत र

*बाँकी पृष्ठ २ मा*


## सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**



**बर्दिवास नगरपालिका, महोत्तरी**



## छाडा चौपाया र सडक छेउबाट निर्माण तथा अन्य सामाग्री हटाउने सम्बन्धी सूचना ।

यस जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र सडकमै निर्माण समाग्री नराख्न, सड्क पेटी अतिक्रमण गरी व्यापार व्यवसाय नगर्न, घरपालुवा पशु चौपायाहरु छाडा नछोड्न पटक पटक अनुरोध गर्दा समेत सो को वेवास्ता गरी बजारमा सडकमै निर्माण समाग्री राख्ने, सडक पेटी अतिक्रमण गरी व्यापार व्यवसाय गर्ने, छाडा चौपायाहरु सडक मै छोडी सार्वजनिक यातायात आगमनमा अवरोध गर्ने लगायतका बिभिन्न समस्या सृजना भएकोले यस्ता कार्य नगर्न गराउन सबैलाई सूचित गरिन्छ । सूचनालाई अटेर गरी यस्ता कार्य गर्नेमाथि कानुनी कारवाही प्रक्रिया अगाडि बढाइने सबैलाई यसै सूचना मार्फत सूचित गरिन्छ।

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा**










खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप–सम्पादक : अ (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा – ५ महेन्द्रनगर , धनुषा